हाम्रो अभिभारा : स्वच्छ सुन्दर पोखरा

श्रम सीप जुटाऔं, पोखरालाई उठाऔं ।

स्थानीय तह निर्वाचन २०७९

# प्रतिबद्धता-पत्र



क. कृष्ण थापा

पोखरा महानगरपालिका

प्रमुखका उम्मेदवार



क. मञ्जुदेवी गुरुङ

पोखरा महानगरपालिका

उप-प्रमुखका उम्मेदवार

स्थानीय तह निर्वाचन

नेकपा (एमाले) निर्वाचन परिचालन कमिटी, पोखरा महानगरपालिका

# स्थानीय निर्वाचन - २०७९
## नेपाल कम्युनिस्ट पार्टी (एमाले) पोखरा महानगरपालिका
# प्रतिवद्धता-पत्र

**आदरणीय महानगरवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू,**

नेपालको संवैधानिक व्यवस्थाअनुसार निर्वाचन आयोगले प्रस्तुत गरेको समय सीमाभित्र स्थानीय तहको निर्वाचनको घोषणा गरेलगत्तै जनतामा स्थानीय सरकारको नेतृत्व लिन उत्साह पैदा भएको छ । सुशासन तथा विकास निर्माणका कामलाई प्रभावकारी रूपमा सञ्चालन गर्न मात्र होइन, संविधानको कार्यान्वयनका निम्ति पनि समय अवधिभित्रै स्थानीय तहको निर्वाचन एक महत्वपूर्ण कार्य हो । वर्तमान गठबन्धन सरकार जनताबाट परीक्षित र अनुमोदित हुन डराइरहेको सन्दर्भमा संविधानले तोकेको समय सीमाभित्र नै स्थानीय निर्वाचन हुनुपर्दछ भन्ने सवालमा हाम्रो पार्टी नेकपा (एमाले)ले राखेको अडान र खेलेको भूमिका यहाँहरू समक्ष प्रस्टै छ । आमरूपमा देश र जनताको सर्वोपरी हितका लागि स्थानीय सरकार सञ्चालन मार्फत सुशासन प्रदान गर्ने सन्दर्भमा नेकपा (एमाले) को धारणा, सोंच र भूमिका केन्द्रीय घोषणा–पत्रमार्फत सार्वजनिक गरिसकिएको छ । यही सन्दर्भमा पोखरा महानगरका जनता समक्ष हाम्रो पार्टी नेकपा (एमाले) ले स्थानीय तहको निर्वाचनमा विजयी प्राप्त गरी विगतमा कोभिड–१९ महामारीका बाबजुद हामीले गरेका रचनात्मक कामलाई निरन्तरता दिने, निर्माणाधीन एवं सम्पन्न हुन बाँकी रहेका कार्यलाई पूर्णता दिनुका साथै आगामी दिनमा सम्पादन गरिने रचनात्मक कामका बारेमा आम नगरवासीमा उत्सुकता जाग्नु स्वाभाविक भएकाले तत्सम्बन्धी मुख्य विषयवस्तुलाई यसै प्रतिवद्धता–पत्र मार्फत सार्वजनिक गरिएको विषय निवेदन गर्दछौं ।

नेपाल कम्युनिस्ट पार्टी (एमाल) ले सर्वहारा, श्रमजीवी, मजदुर, किसान, निम्न पुँजीपति, राष्ट्रिय पुँजीपति र सम्पूर्ण जाति, भाषा, संस्कृति एवम् देशभक्त तथा न्यायप्रेमी जनसमुदायको हितको प्रतिनिधित्व गर्दछ । यो पार्टी नेपाली जनताको वर्गीय र सामाजिक मुक्ति, जनताको सार्वभौमसत्ता, स्वतन्त्रता, स्वाधीनता एवम् भौगोलिक अखण्डता र राष्ट्रिय हित रक्षाका लागि निरन्तर क्रियाशील रहँदै आएको छ । नेकपा (एमाले) समाजवाद उन्मुख कार्यक्रममार्फत विकासमा जनताको स्वामित्व एवं अपनत्व निर्माण गर्न आफ्नो गाउँ/सहर आफै बनाऔं भन्ने उद्घोषका साथ अगाडि बढेको पार्टी हो । सामाजिक न्यायमा आधारित समतामूलक समाजको निर्माण गरी शोषणविहीन समाजको निर्माण गर्न हाम्रो पार्टी प्रयत्नशील छ । २०५१ सालमा नेकपा (एमाले) को नेतृत्वमा बनेको पहिलो कम्युनिस्ट सरकारलाई नेपालमा सबैभन्दा लोकप्रिय सरकारका रूपमा स्मरण गर्दै क. मनमोहन अधिकारीलाई नेपालको सर्वाधिक लोकप्रिय प्रधानमन्त्रीका रूपमा नेपाली जनताले आत्मसात् गरेका छन् । पछिल्लो समयमा

हाम्रो पार्टीका श्रद्धेय अध्यक्ष कमरेड के.पी. शर्मा ओलीको नेतृत्वमा बनेको सरकारले देशको विकास निर्माणप्रति आम नेपाली जनतामा आशा, भरोसा, उत्साह र विश्वास जगाउनुका साथै नेपालको संविधान कार्यान्वयनमा स्पष्ट दिशाबोध समेत गरेको अवगत नै छ । यस अवधिमा पार्टीले जनताको जीविकासँग जोडिएका मुद्दाहरूमा तथा राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र राष्ट्रिय अस्मिताको रक्षा गर्ने सन्दर्भमा अग्रणी भूमिका खेलेको छ । श्रद्धेय अध्यक्ष कमरेड ओलीको नेतृत्वमा गठित सरकारले कालापानी, लिपुलेक, लिम्पियाधुरा सहितको नेपाली भू-भागलाई समेटेर नेपालको नयाँ नक्सा जारी गरी महाकालीसम्मको नेपाली भूभाग हाम्रो हो भन्ने स्पष्ट सन्देश दिएको छ । विगतमा भारतले लगाएको नाकाबन्दीविरूद्ध लिएको अडान र नेपाललाई भूपरिवेष्ठितबाट भूजडित बनाउँदै चीनसँग गरेको पारवहन सन्धि नेपालको दीर्घकालीन हित र विकासका निम्ति दूरगामी एवं ऐतिहासिक महत्त्वको छ । यसका साथै हिमाल, पहाड र तराई वा मधेसका विविध समुदायबीचको सामाजिक सद्भाव र एकता अक्षुण्ण राख्दै क्षेत्रीय असन्तुलन, लैङ्गिक विभेद, जातीय उत्पीडन र छुवाछुतजस्ता समस्याहरूको समाधान गर्ने, मानव अधिकारको प्रत्याभूत गर्ने र श्रमजीवीहरूका हकहितको संरक्षण गर्ने सवालमा पनि पार्टीले महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

**आदरणीय महानगरवासी महानुभावहरू,**

मार्क्सवाद लेनिनवादका सार्वभौम सच्चाइहरूलाई नेपाली क्रान्तिको विशिष्ट र वस्तुगत आधार प्रदान गर्ने क्रममा विकास भएको जनताको बहुदलीय जनवाद नै नेकपा (एमाले)को मार्गदर्शक सिद्धान्त हो । हाम्रो पार्टीले परिकल्पना गरेको **'समृद्ध नेपाल : सुखी नेपाली'** को अवधारणा जनताको बहुदलीय जनवादको सिर्जनात्मक प्रयोग हो । नेपालको कम्युनिस्ट आन्दोलनभित्र लोकतान्त्रीकरणको नवीनतम मान्यता बोकेको जनताको बहुदलीय जनवाद व्यवहारबाट परीक्षित र प्रमाणित हुँदै आएको छ र हाम्रा समग्र कामहरूको मार्गदर्शक बनेको छ । हामी दलाल पुँजीलाई विस्थापन गरी राष्ट्रिय पुँजीको विकास मार्फत आम नागरिकको जीवनस्तर उकास्न विविध क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गर्दै स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न प्रयत्नशील रहेकाले मुलुककै सबैभन्दा ठूलो महानगरमा हाम्रो पार्टीको नेतृत्वमा स्थानीय सरकार आवश्यक छ । हाम्रो पार्टीको नेतृत्वको स्थानीय सरकारबाट मात्र सामाजिक न्यायसहितको लोककल्याणकारी राज्यव्यवस्थामार्फत पोखरा महानगरपालिकालाई समृद्ध, वैभवशाली र अन्तर्राष्ट्रिय स्तरको विकसित सहर बनाउन सकिन्छ । उत्पादनशील, रोजगारी र न्यायपूर्ण वितरण सहितको तीव्र आर्थिक सामाजिक विकासमार्फत महानगरलाई सुखी र समृद्ध नागरिकहरूको सहरमा रूपान्तरण गर्न सकिने भएकाले स्थानीय सरकारमा नेकपा (एमाले) लाई विजयी गराउन हार्दिक अनुरोध एवं आह्वान गर्दछौँ ।

## १. स्थानीय सरकारको नेतृत्वमा एमाले नै किन ?

- महानगरका सबै वडा एवं बस्तीका नागरिकलाई सहज, सरल, सुविधाजनक र पारदर्शी ढङ्गबाट सेवाप्रवाह गरी सुशासनको आधारलाई प्रत्याभूत गरेर जनमुखी लोकतन्त्रलाई सुदृढ गर्दै भ्रष्टाचारमुक्त प्रशासन सञ्चालन गर्न ।
- समावेशी लोकतन्त्रद्वारा स्थानीय सरकारमा विभिन्न जातजाति, भाषा, लिङ्ग, धर्म, क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व गराउँदै प्रगतिशील आरक्षणको नीति कार्यान्वयन गर्न ।
- आर्थिक समृद्धि र विकासका लागि आफ्नो सहर आफै बनाउन तथा स्थानीय स्रोत साधनको प्रयोग, दक्ष जनशक्ति उत्पादन, रोजगारी र उद्यमशीलताको विकास, पूर्वाधार निर्माण एवं संरक्षण गर्न ।
- समाजमा व्याप्त सबै प्रकारका विभेद, शोषण र उत्पीडनको अन्त्य गरी नागरिकलाई क्षमताअनुसारको रोजगारी उपलब्ध गराउँदै समृद्ध, समुन्नत र समाजवाद उन्मुख कार्यक्रम मार्फत *"एक घर एक सीप रोजगारीको आधार : समृद्ध पोखरा समाजवादको पूर्वाधार"* अवधारणालाई कार्यान्वयन गर्न ।
- सहकारिता मार्फत सहरी कृषि, जलस्रोत, ऊर्जा, पर्यटन, पूर्वाधार निर्माण र मानव संसाधन विकासबाट सुदृढ अर्थतन्त्रको निर्माण गरी आगामी ५ वर्षभित्रै पोखरालाई समुन्नत महानगरमा रूपान्तरित गर्न ।
- संविधानप्रदत्त अधिकार र स्थानीय सरकारको पहलकदमीमा महानगरवासीको जीवन पद्धतिमा सकारात्मक परिवर्तन ल्याउने प्रशस्त सम्भावनाहरू भएको हुँदा पोखरालाई अत्याधुनिक सेवासहितको समृद्ध महानगर बनाउन ।
- हाम्रो पार्टी प्राप्त राजनीतिक उपलब्धिलाई संस्थागत गर्दै स्थानीय सामाजिक आर्थिक रूपान्तरणलाई मुख्य कार्यसूची बनाएर अगाडि बढेको छ र हाम्रा जनप्रतिनिधिहरू सुशासनसहितको समृद्ध, लोकतान्त्रिक, समतामूलक समाज निर्माणमा दृढतापूर्वक सक्रिय रहने विश्वास दिलाउन चाहन्छौं ।

## २. महानगरको समृद्धिका लागि हाम्रो लक्ष्य एवं उद्देश्यहरू :

*नेकपा (एमाले) को परिकल्पना : समृद्ध नेपाल : सुखी नेपालीको राष्ट्रिय आकांक्षा* पूरा गर्ने उद्घोषलाई साकार पार्न र पोखरा महानगरको समृद्धिका लागि निम्नअनुसारका लक्ष्य एवं उद्देश्यहरू निर्धारण गरिएको छ :

- पोखरा महानगरवासीको रहर, सुखी, खुसी, सभ्य र समृद्ध सहर भन्ने लक्ष्य पूरा गरी महानगरलाई सभ्य, सुखी, खुसी र समृद्ध नागरिकहरूको वैभवशाली सहर बनाउने ।
- साक्षरता, औसत आयु, प्रतिव्यक्ति वार्षिक आय आदिमा वृद्धि र मातृ/शिशु/बाल मृत्यु दर घटाई उत्कृष्ट मानव विकास सूचकांक भएको महानगर बनाउने ।
- महानगर सरकारलाई प्रभावकारीरूपमा सञ्चालन गरी सामाजिक विभेद, जोखिम एवं सबै

किसिमका असमानताबाट मुक्त राख्नुका साथै न्यायपूर्ण, समावेशी र सहभागितामुलक नेपालको नमुना महानगरका रूपमा विकसित गर्ने ।

## ३. समृद्ध महानगर निर्माणका लागि हाम्रा नीतिहरू

१. महानगरको सहरी विकासका पूर्वाधार न्यून भएका वडाहरूमा विकासका विशेष कार्यक्रमहरू सञ्चालन गरी सबै वडाहरूलाई समानस्तरमा पुऱ्याउँदै नगरवासीलाई समृद्ध महानगरका गौरवशाली वासिन्दाको अनुभूति दिलाइनेछ ।

२. पोखरा महानगरका वरपर रहेका अन्नपूर्ण, माछापुच्छ्रे, मादी र रूपा गाउँपालिकाहरूका साथै छिमेकी नगरपालिकाहरूसँग सहज आवागमनका लागि आवश्यक समन्वय गरी सुगम यातायातको व्यवस्था सहित व्यावसायिक हितको प्रवर्द्धन गरिनेछ ।

३. पोखरालाई कोरलादेखि त्रिवेणीसम्मको स्थलमार्गबाट जोडेर नेपालकै प्रमुख अन्तराष्ट्रिय व्यापारिक केन्द्र तथा पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्न प्रदेश र संघसँगको समन्वयमा आवश्यक कार्य गरिनेछ ।

४. महानगर, सहकारी र निजी क्षेत्रको सहभागितामा तीनखम्बे अर्थ नीतिमा आधारित आत्मनिर्भर र समृद्ध अर्थतन्त्रको निर्माणका लागि ठोस कार्यक्रमहरू अगाडि सारिनेछ ।

५. महानगरको विकास र समृद्धिका लागि गैरआवासीय नेपालीमार्फत वैदेशिक लगानी आकर्षित गरी अन्तर्राष्ट्रिय सहरहरूसँगको भगिनी सम्बन्धलाई निरन्तरता प्रदान गर्दै अन्तर्राष्ट्रिय सम्बन्धलाई मजबुत बनाउने ।

६. फोहरमैलाको यथोचित व्यवस्थापन एवं व्यवस्थित ढल निकासको प्रबन्ध गरी, वातवरणीय प्रदूषणलाई न्यूनीकरण गर्दै पोखरालाई पर्यटन तथा वातावरणमैत्री महानगर बनाउन उपयुक्त कार्यक्रम लागु गरिनेछ ।

६. घरघरमा स्नातक, टोलटोलमा प्राविधिक, वडावडामा स्तरीय स्वास्थ्य सेवा केन्द्र, बस्तीबस्तीमा ज्येष्ठ नागरिक केन्द्र, सुविधा सम्पन्न शिशुकेन्द्र, युवाहरूलाई रोजगारमूलक तालिम, सेवानिवृत्तहरूको ज्ञान, सीप र अनुभवको परिचालन गरी ई–गभर्नेन्स सेवासहितको सूचना प्रविधिमा आधारित महानगर बनाइनेछ ।

७. प्रत्येक वडामा एक खेल मैदान, बालमैत्री, अपाङ्गतामैत्री र साइकल लेनसहितका फराकिला सडक, नदी किनारा तथा पर्ती जमिनमा सार्वजनिक उद्यान एवं सहरी पूर्वाधार सम्पन्न महानगर बनाइनेछ ।

८. महानगरवासीलाई शिक्षा, स्वास्थ्य र रोजगारीका अधिकारको ग्यारेन्टी, मनोरञ्जन, खेलकुद, कला, साहित्य, भाषा, संस्कृति आदिको संरक्षणका साथै महानगरलाई **पोखरा विकास प्राधिकरण** मार्फत नेपालको पर्यटन, शिक्षा, स्वास्थ्य र खेलकुदको प्रमुख केन्द्रका रूपमा विकास गरिनेछ ।

९. भ्रष्टाचारमुक्त सार्वजनिक सेवा तथा सुशासनका निम्ति जनताप्रति जिम्मेवार महानगरीय प्रशासन बनाउन भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै महानगर सेवालाई प्रतिस्पर्धी बनाउनुका साथै स्थानीय युवाहरूलाई प्राथमिकता दिई कार्यरत जनशक्तिलाई वृत्ति विकासका अवसरहरू प्रदान गरिनेछ ।

१०. वैज्ञानिक आविष्कार, अनुसन्धान र प्राज्ञिक कार्यमा संलग्न युवा वैज्ञानिकहरू, अनुसन्धानकर्ताहरू र प्राज्ञहरूका रचनात्मक योगदानलाई प्रोत्साहन गर्नुका साथै महानगरलाई देशको प्रमुख शैक्षिक, प्राज्ञिक र वैज्ञानिक केन्द्रको रूपमा विकास गरिनेछ ।

११. हाम्रो पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरूको पहलमा बनेको महानगरको चालु तिन वर्षे आवधिक योजनाका अल्पकालीन तथा दीर्घकालीन विकाससम्बन्धी योजनाहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

## ४. पोखरा महानगरका सन्दर्भमा नेकपा (एमाले) का प्रतिबद्धताहरू

नेकपा (एमाले) स्थानीय निर्वाचनमा आफ्ना उम्मेदवारहरू मार्फत महानगरको विकास निर्माण, सुशासन र सौन्दर्यकरण गरी पोखरालाई गौरवशाली महानगर बनाउन प्रतिबद्ध छ । आफ्ना उम्मेदवारहरूमार्फत पूरा गराउने अल्पकालीन तथा दीर्घकालीन प्रतिबद्धताहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ–

### ४.१ पूर्वाधार विकासका क्षेत्र

### पूर्वाधार तथा यातायात

- आगामी तीन वर्षभित्र जनतालाई पायक पर्ने स्थानमा महानगरको प्रधान कार्यालय स्थापना गर्नुका साथै सबै वडामा आवश्यकता अनुसार अत्याधुनिक सेवा सञ्चालन गर्न मिल्ने पूर्वाधारयुक्त कार्यालय भवन निर्माण गरी एउटै छानामुनिबाट नागरिकहरूलाई सेवा प्रदान गरिनेछ ।
- नगर प्रमुखको संयोजनमा महानगरभित्र एउटा सामाजिक सेवा प्रदायक संयन्त्र गठन गरी संघ तथा प्रदेशसँगको सहकार्यमा सडक, खानेपानी, बिजुली, दूरसञ्चार, फोहोर व्यवस्थापन, ढल निकास आदिको एकीकृत सेवा र सुविधा प्रदान गरिनेछ ।
- सहरका विभिन्न स्थानमा आवश्यकताअनुसार बस बिसौनी, प्रतीक्षालय, सवारी पार्किङ, जेब्रा क्रसिङ, पैदल मार्ग, साइकल लेन, फ्लाइओभर, टनेल, ओभरहेड ब्रिजसहित वैज्ञानिक ढङ्गले ट्राफिक व्यवस्थापन गरिनेछ ।
- सहरी सुरक्षा जोखिम न्यून गर्न मुख्य सहरी क्षेत्रभित्रका टेलिफोन तार हटाई अप्टिकल फाइबर जडान गरिने छ भने बिजुलीका तारहरूलाई अन्डरग्राउन्डेड गर्ने गरी सुरू गरिएको कामलाई द्रुतगतिका साथ अगाडि बढाइनेछ ।
- महानगरको वडा नं. ३२ को लामेआहालबाट वडा नं. ३३ को बाघमारा दोबिल्ला हुँदै

बिरौटासम्मको वैकल्पिक निर्माणाधीन मार्गलाई स्तरोन्नति र लामगादी, पटनेरी, रिठेपानी, भेडिफारम, ढुङ्गेसाँघु, जोड्ने सडकलाई महानगर गौरवको आयोजना मार्फत निर्माण गरिनेछ ।

- महानगरका सबै वडाहरूलाई एकआपसमा स्तरीय सडक सञ्जालबाट जोडिने छ । सहरका सडकमा स्मार्ट बत्ती जडान गर्नुका साथै आवश्यक स्थानमा सुविधायुक्त शौचालय निर्माण गरिनेछ ।
- महानगरमा पर्ने मध्य पहाडी लोकमार्गको खण्डलाई छिटो निर्माण गर्न, केरूङ, काठमाडौँ हुँदै पोखराबाट लुम्बिनीसम्म रेलमार्ग सञ्चालन र कोरला – भैंसालोटन नाका हुँदै अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्न प्रादेशिक सरकार एवं सङ्घीय सरकारसँग सहकार्य गरिनेछ ।
- पोखरा महानगरभित्र सार्वजनिक यातायातलाई व्यवस्थित गर्नको लागि मोनोरेल तथा मेट्रोरेल सञ्चालनको लागि सम्भाव्यता अध्ययन गरी कार्य आरम्भ गरिनेछ ।
- पोखरा महानगरभित्र प्रदूषणलाई न्यूनीकरण गर्ने उद्देश्यले विद्युतीय सवारी साधन सञ्चालन गर्नको लागि सहजीकरण गर्दै महानगरकै स्वामित्वमा विभिन्न स्थानमा विद्युतीय चार्जिङ स्टेसनको व्यवस्था गरिनेछ ।
- महानगरभित्र निर्माण गरिने भौतिक पूर्वाधारहरू अपाङ्मैत्री बनाइनेछ ।

## महानगरीय विकास आयोजना तथा परियोजनाहरू

- निर्माण सम्पन्न हुन लागेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई यथाशीघ्र सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- महानगरमा अन्तर्राष्ट्रिय स्तरको सभाहल निर्माण, रङ्गशालाको स्तरोन्नति गरी तिन वर्षभित्रमा पोखरालाई अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता, गोष्ठी, सभा, सम्मेलन आदि सञ्चालन गर्ने उपयुक्त पर्यटन केन्द्रका रूपमा विकास गरिनेछ ।
- पोखराबाट छिमेकी देशका सिमानासँगैका सहरहरूसम्म अत्याधुनिक बस सुविधाको व्यवस्था गर्नुका साथै वडा नं. ३२ लामेआहलमा सूचना प्रविधिमैत्री अत्याधुनिक बस टर्मिनलको निर्माण गर्न स्थानीय जनताको सहभागिता एवं प्रदेशसँग आवश्यक समन्वय गरिनेछ ।
- महानगरका व्यस्त सडक र चोकहरूमा आवश्यकताअनुसार फ्लाइओभर, टनेल, आकासेपुल आदिको निर्माण गरी ट्राफिक व्यवस्थालाई सहज तुल्याइने छ । बस, ट्रक, आदिको पार्किङ व्यवस्थालाई प्रभावकारी बनाई महानगरभित्र आवश्यक ठाउँमा सी.सी.क्यामरा जडान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- महानगरको भू–उपयोग नीति तयार गरी आवश्यकताअनुसार कम ऊर्बर र जोखिम कम भएका स्थानहरूमा सहरी पूर्वाधारयुक्त नमूना बस्ती विकास कार्यक्रम लागु गरिने छ । एकीकृत बस्ती विकास कार्यक्रमद्वारा सुकुम्बासी र अव्यवस्थित बस्तीहरूलाई आवश्यक सुविधासहित एक परिवार, एक घर कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- महानगरवासीको सहज आवागमनका लागि सार्वजनिक यातायात सेवालाई सुरक्षित, भरपर्दो, डिजिटल प्रविधिमार्फत भाडा तिर्ने गरी थप व्यवस्थित गर्नुका साथै सुविधा सम्पन्न यातयात सेवाको सञ्चालन गरिनेछ ।
- सेती नदी, विजयपुर, काली, फिर्के, बुलौंदी, खुदी, सुरौंदी, फुर्से, हर्पन, कोत्रे, याम्दी खोला, मर्दी, काहुँ खोला, खहरे खोला, भोटीखोला, बहुला खोला (खाडी खोला), स्याङ्खुदी आदिको जलाधार क्षेत्रको संरक्षण गर्दै आवश्यक ठाउँहरूमा पुल, पुलेसा कजवे, साइकल लेन, पैदल मार्गहरू निर्माण गरिनेछ ।
- सेती, मर्दी लगायतका नदी किनारका परम्परागत घाटहरूलाई व्यवस्थित गर्दै आवश्यकताअनुसार विद्युतीय शवदाहस्थल निर्माण गरिनेछ ।

## सडक र सिंचाइ

- कृषि सडकहरूको स्तरोन्नति गर्ने, यसको विस्तार गर्ने र महानगरका कृषि तथा पशुपालन क्षेत्रहरूलाई पोखराको मूल बजारमा जोड्नका लागि आवश्यक सडक सञ्जाल निर्माण गरिनेछ ।
- प्रत्येक वडाका केन्द्रलाई यसका टोल र गाउँहरूसँग जोड्ने वातावरणमैत्री हरित सडकहरूको विस्तार र स्तरोन्नति गरिनेछ ।
- पोखरा उपत्यका वरिपरिबाट सुरौंदी करिडोर हुँदै प्युरी दोभान, पौवैगौडादेखि सुरूङ्मार्गबाट छोरेपाटन, पामे र हेम्जा निकाली मध्यपहाडी लोकमार्गसँग जोडेर मादी करिडोरबाट देउराली हुँदै कोत्रे निस्कने गरी चक्रपथको निर्माण कार्यलाई सुरू गर्दै लिंक सडक मार्फत महानगरका ग्रामीण बस्तीहरूलाई जोडिनेछ ।

## खानेपानी र वैकल्पिक ऊर्जा

- महानगरभित्रका ग्रामीण बस्तीमा हाम्रै पहलमा सुरू भएका खानेपानी आयोजना पूरा गरी एक घर, एक धाराको व्यवस्था गर्नुका साथै महानगरका उपयुक्त स्थानमा आवश्यकताका आधारमा सार्वजनिक धाराको व्यवस्था गरिनेछ ।
- महानगरभित्रका सेती नदी, विजयपुर खोला, हर्पन, मर्दी, सुरौंदी लगायतका खोलाहरूमा स्थानीय जनसहभागितामा आधारित साना जलविद्युत् आयोजना सञ्चालन गर्न प्रेरित गरिनेछ ।
- सोलार ऊर्जा जडानमा अनुदान र छुटको व्यवस्थासहित महानगरका सबै टोलका सार्वजनिक स्थल र सडकहरूमा स्मार्ट बत्ती जडान गरिनेछ ।
- सार्वजनिक शौचालयहरूमा बायोग्याँस प्लान्ट जडान गर्ने व्यक्ति वा संस्थालाई प्राविधिक सहयोगसहित अनुदानको व्यवस्था गरिनेछ ।

- पोखरा उपत्यका वरिपरि रहेका डाँडाहरूमा सुविधायुक्त पदयात्रा मार्ग निर्माण गरी ग्रामीण पर्यटन गतिविधि बढाउन जोड दिइनुका साथै त्यहाँ रहेका विभिन्न ऐतिहासिक कोटहरूमा सम्भाव्यता अध्ययन गरी रोपवे तथा केबलकार सञ्चालनमा जोड दिइनेछ ।
- रूपाताल र बेगनासतालको सम्भाव्यता अध्ययन गराई वातावरणमैत्री जलाशययुक्त जलविद्युत् उत्पादन एवं पर्यटन आकर्षणमा वृद्धि गरी आय एवं रोजगार प्रवर्द्धन गरिनेछ ।
- महानगरभित्रका फेवा, बेगनास, रूपा, दिपाङ, मैदी, खास्टे, गुँदे, न्यूरेनी, कमलपोखरी लगायतका सबै ताल एवं जलाधार क्षेत्रहरूको एकीकृत विकासका लागि अल्पकालीन तथा दीर्घकालीन चरणबद्ध योजनाहरू सञ्चालन गरिने छ ।

### ४.२ आर्थिक विकासका क्षेत्र

### स्थानीय सेवा एवं कर प्रणाली

- महानगरबाट लिइने कर, राजस्व, शुल्क आदि व्यवस्थित र नियमित गरी महानगरको विकासमा लगानी गरिने छ । *हाम्रो महानगर हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर* भन्ने नारालाई साकार पार्न नियमित कर तिर्ने करदातालाई सुविधा प्रदान गर्नुका साथै सम्मान गरिनेछ ।
- प्रगतिशील कर प्रणालीका आधारमा करको दायरा बढाउँदै सीमान्तकृत र सुविधावञ्चित समूहको सेवा सुविधाका लागि लगानी गरिने छ ।
- घर जग्गा पास, नक्सा पास, कर-राजस्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाई असल शासनको अनुभूति हुने गरी एकद्वार प्रणालीबाट सेवा उपलब्ध गराइने छ ।
- महानगरभित्रको सवारी पार्किङलाई व्यवस्थित गर्दै निःशुल्क पार्किङ गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

### सहकारी एवं वित्तीय संस्थाहरूको व्यवस्थापन

- महानगर सहकारी व्यवस्थापन बोर्ड स्थापना गरी सुरू गरिएको नगरभित्रका सहकारी संस्थाहरूलाई नियमन र व्यवस्थापन गर्ने हाम्रो प्रयासलाई निरन्तरता दिनुका साथै प्रत्येक वडामा सहकारी बैङ्क मार्फत वित्तीय सेवा प्रदान गरी वित्तीय पहुँचमार्फत समृद्धिको यात्रामा जोड दिइने छ ।
- दैनिक उपभोग्यवस्तु, कृषि, वन, जडिबुटी, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन, वितरण र बिक्री गर्ने सहकारीलाई विशेष छुट तथा अनुदानको व्यवस्था गरिनुका साथै महानगरका प्रमुख बस्तीहरूमा सुपथ सहकारी पसल सञ्चालन गर्ने पहल गरिनेछ ।
- सहकारी संस्थामा रहेको बचत पुँजी सङ्ग्रह गरी एकीकृत सहकारी विकास कोषको

व्यवस्थामार्फत सुरक्षाको प्रत्याभूतिसहित पर्यटन, शिक्षा, स्वास्थ्य, कृषि उत्पादन, भण्डारण तथा बिक्री वितरणको क्षेत्रमा आवश्यक लगानी गरी सहकारी अभियानलाई प्रवर्द्धन गरिनेछ ।

- नागरिकहरूलाई उत्पादन कार्य र आयआर्जनमा सहभागी बनाउन परम्परागत ज्ञान र सीपमा आधारित स्थानीय कुटिर उद्योग, लघु उद्यम, साना सेवामूलक वा व्यवसाय सञ्चालन गर्न सरल र विनाधितो ऋणको व्यवस्था गरिने छ ।
- स्थानीय समुदायको वा जनताको सहभागितामा परम्परागत पेसा, व्यवसाय, सीप, प्रविधि र लोपोन्मुख कला, ज्ञान र सीपको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक कार्यक्रम बनाई महानगरको पहलमा यथाशीघ्र लागु गरिने छ ।

## स्थानीय उद्यमशीलता तथा बजार व्यवस्थापन

- महानगरभित्रका फलफूल तथा तरकारी पसल, फुटपाथ पसल, साना तथा खुद्रा व्यवसाय सञ्चालन गर्ने उपयुक्त स्थानमा एकीकृत व्यापारिक केन्द्र तोकी मिनी मार्केट व्यवस्थापन मार्फत व्यापार व्यवसायको प्रवर्द्धन गर्न पूर्वाधारका सुविधा सहित पसलहरूलाई व्यवस्थित गरिनेछ ।
- सहरका मुख्य केन्द्रभागहरूमा पार्किङ सुविधा सहितका सुपरमार्केट र मल सञ्चालनलाई प्रोत्साहन गर्दै महानगरभित्रका ग्रामीण बस्तीहरूमा स्थानीय उत्पादन बिक्रीका लागि दैनिक एवं साप्ताहिक हाटबजारको व्यवस्था गरिनेछ ।
- कृषियोग्य जमिनलाई घर घडेरीका रूपमा प्लटिङ गर्ने तथा खण्डीकरण गर्ने अभियानलाई निरूत्साहित गरी सघन सहरी क्षेत्रमा जमिनको संरक्षणका लागि जनसहभागितामा आधारित आधुनिक पूर्वाधार सहितको सामूहिक आवास गृहको कार्यक्रम अगाडि बढाइनेछ ।
- उद्यमशीलता मार्फत आय तथा रोजगारीमा वृद्धि गर्न महानगरद्वारा प्रविधियुक्त सीपमूलक तालिम, सहकारी तथा निजी क्षेत्रको पुँजीको समन्वयमा सहकार्य गरी पर्यटन लगायतका उद्यमशीलता तथा व्यावसायिक क्षेत्रमा लगानी प्रवर्द्धन गर्न महानगरमा समन्वय इकाइको स्थापना गरी कार्यक्रम अगाडि बढाइनेछ ।

## कृषि तथा पशुपालन

- समग्र कृषि क्षेत्रको विकासको दीर्घकालीन योजना बनाएर उच्च मूल्य पर्ने र निर्यात सम्भावना भएका बाली जस्तै अलैंची, कफी, जापनिज कटुस र अन्न बालीमा जेठो बुढो, पहेँले, झिनुवा धान, उवा, कागुनो आदिको उत्पादनलाई प्रोत्साहन गरी निर्यातमा प्राथमिकीकरण गरिने छ ।
- खेतीयोग्य विशेष क्षेत्रलाई प्राङ्गारिक कृषि उत्पादन क्षेत्र घोषणा गरी प्राङ्गारिक खेतीको बिस्तार गरिनेछ । कृषि क्षेत्रमा प्रविधिमैत्री एवं व्यापक यान्त्रिकीकरण गरी उत्पादन एवम् उत्पादकत्व वृद्धि गरिनेछ ।

- महानगरभित्रका खेतीयोग्य जमिनलाई चक्लाबन्दी गरी तथा बाँझो जमिनमा आवश्यक सिँचाइको व्यवस्था गरी कृषि उत्पादनका पकेट क्षेत्र घोषणा गरी कृषि उत्पादन बढाउन आवश्यक पहल गरिने छ ।
- कृषि विकासलाई पर्यटनसँग जोड्दै सम्भावित स्थानमा फलफूल, तरकारी, मह, दुग्धजन्य उत्पादन, कुखुरा, माछाका विविध परिकार एवं स्थानीय मौलिक संस्कृतिको प्रवर्धन गर्दै कृषि महोत्सव वा मेला र कृषि पर्यटनमा जोड दिइने छ ।
- कृषि कर्जा सरल बनाई सहुलियत ब्याजदरमा कृषि ऋणको व्यवस्था मिलाइने छ । खेतीयोग्य जमिनलाई बाँझो नराख्नका लागि भूमि बैङ्कको स्थापना एवं प्रभावकारी सञ्चालनमा जोड दिइने छ ।
- वैदेशिक रोजगारीबाट फर्केका युवालाई कृषिमा रोजगारी प्रदान गर्न विशेष व्यवस्था मिलाइने छ भने बेरोजगार युवालाई व्यावसायिक कृषि तथा पशुपालनमा आवश्यक ज्ञान, सीप, अनुदान वा सहुलियतपूर्ण ऋण उपलब्ध गराइने छ ।
- कृषकहरूलाई कृषि उत्पादनमा आधारित अनुदान, निःशुल्क सीप र प्रविधिको ज्ञान प्रदान गरी पकेट क्षेत्रमा विशेष कृषि उत्पादनका कार्यक्रमहरू सञ्चालन गरी उत्पादित वस्तुको समर्थन मूल्य तोक्ने र महानगर विकास निगम मार्फत भण्डारण तथा बिक्री वितरणको उचित प्रबन्ध मिलाइने छ ।
- कृषि तथा पशुपालनलाई आधुनिकीकरण र व्यवसायमुखी बनाउन कृषकलाई आवश्यक सुविधा वा अनुदान प्रदान गरी यस क्षेत्रमा बीमा सेवालाई अनिवार्य गरिने छ ।
- महानगरभित्रका ताल र सिमसार जलाधार क्षेत्रको संरक्षण एवं व्यवस्थापन मार्फत व्यावसायिक माछा पालन गरी तालको पर्यावरण र जैविक विविधता संरक्षण तथा सौन्दर्यकरण गरी पर्यटन गतिविधिमा जोड दिइने छ ।
- कुखुरापालन, मौरीपालन तथा महानगरका उच्च भू–भागमा भेडा र बाख्रापालनलाई व्यवस्थित गर्दै माछा, अन्डा र मासु उत्पादनमा पोखरालाई आत्मनिर्भर बनाइने छ ।
- आवश्यकता अनुसार वडाहरूमा कृषि तथा पशुसेवा केन्द्र स्थापना गरी महानगरभित्र उत्पादन हुने कृषि उपजको सङ्कलन र बिक्रीका लागि कृषि बजार केन्द्रहरू, शीतभण्डारण एवं चिस्यान केन्द्रहरू बनाइने छ ।
- छाडा चौपाया नियन्त्रणका लागि आवश्यक नियम बनाउँदै चौपाया छाडा छोड्नलाई रोक लगाइनेछ, छाडा कुकुरको नियन्त्रण गरिनेछ र पाल्तु कुकुरलाई आफ्नो घरबाहिर लगी फोहोर गर्न रोक लगाइने छ ।

## बेरोजगारी समस्याको समाधान

- बेरोजगार युवाहरूको लगत सङ्कलन गरी उनीहरूको योग्यता र क्षमताअनुसारको सीप प्रदान गर्न व्यावसायिक तथा प्राविधिक तालिम दिनुका साथै महानगरभित्र उपलब्ध अवसरहरूमा

उनीहरूलाई प्राथमिकता दिइने छ ।

- बेरोजगार युवाहरूलाई आवश्यक तालिम, सीप, प्रविधि, अनुदान र सहुलियत ऋणको व्यवस्था गरी स्वरोजगारीमा प्रोत्साहित गर्नुका साथै रोजगारी सिर्जना गर्ने उद्योग, व्यवसाय र सेवालाई कर छुटको व्यवस्था गरिने छ ।
- महानगरका युवाहरूलाई प्राविधिक तथा व्यावसायिक तालिम दिई स्वरोजगारको अवसर सिर्जना गरी तालिमको प्रमाणपत्रका आधारमा बिनाधितो ऋण उपलब्ध गराउन संघ र प्रदेशको समन्वयमा आवश्यक व्यवस्था मिलाइने छ ।
- आगामी ५ वर्षभित्र पोखरालाई देशकै उत्कृष्ट शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन, सूचना प्रविधि र वातवरणमैत्री महानगरपालिकामा रूपान्तरण गरिने छ ।

### ४.३ सामाजिक विकासका क्षेत्र

### आधारभूत, माध्यमिक र उच्च शिक्षा

- आवश्यकताअनुसार नयाँ सामुदायिक विद्यालय खोल्ने, मर्ज गर्ने र कक्षा वृद्धि एवं स्तरोन्ति गरी समुदायको हितमा गुणस्तरीय शिक्षा प्रदान गर्ने आधार तय गरिने छ भने संस्थागत विद्यालयको दर्ता, नवीकरण र गुणस्तरका लागि प्रभावकारी व्यवस्थापन एवं अनुगमन गरिनेछ ।
- महानगरभित्रका बालबच्चाहरूलाई अनिवार्य आधारभूत शिक्षाको व्यवस्था गरिनुका साथै सबै बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा उपलब्ध गराई शतप्रतिशत साक्षर महानगर बनाइनेछ ।
- विपन्न तथा न्यून आय भएका अभिभावकहरूका बालबच्चाहरूलाई विद्यालय पठाउनका लागि पोसाक, खाजा र आवश्यक पाठ्य सामग्रीको व्यवस्था गरी बालबच्चालाई विद्यालय पठाउन अभिभावकहरूलाई प्रोत्साहन गरिने छ ।
- सामुदायिक विद्यालयहरूको स्तरोन्नति गर्दै समयानुकूल पाठ्यक्रम तथा दक्ष जनशक्ति व्यवस्थापन गरी अङ्ग्रेजी र नेपाली दुवै माध्यममा पठन पाठन गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।
- महानगरभित्र रहेका चिकित्साशास्त्र, इन्जिनियरिङ, जीव विज्ञान, कृषि, वन विज्ञान तथा वातावरण, पर्यटन व्यवस्थापन आदि प्राविधिक एवं व्यवहारिक शिक्षा प्रदान गर्ने अध्ययन संस्थान एवं संकायहरूको स्तरोन्नति गरी राष्ट्रिय अनुसन्धान केन्द्रका रूपमा विकास गर्न प्रदेशसँगको समन्वय एवं सम्बन्धित संस्थाहरूसँगको सहकार्यमा आवश्यक पहल गरिनेछ ।
- एक वडा एक प्राविधिक शिक्षालय सुनिश्चित गर्न सामुदायिक विद्यालयहरूमा व्यावसायिक र प्राविधिक शिक्षा लागु गरिनुका साथै विपन्न र सीमान्तकृत समुदायका बालबालिकालाई उच्च शिक्षामा अभिप्रेरित गर्न विशेष कार्यक्रमहरू ल्याइने छ ।
- महानगरपालिकाभित्र कार्यरत श्रमिकहरूको योगदानमा आधारित सुरक्षा कार्यक्रम लागू गरिनेछ ।

**आधारभूत स्वास्थ र सरसफाइ**

- महानगरभित्र फोहर व्यवस्थापनका लागि प्रत्येक घरघरमा फोहरमैला सङ्कलन र व्यवस्थापन गर्ने, ट्रान्सफर सेन्टरसम्म लैजाने व्यवस्था मिलाइने छ ।
- महानगरको फोहर सङ्कलनबाट मोहर बनाउने गरी त्यसको प्रशोधनबाट ऊर्जा, निर्माण सामग्री र कम्पोस्ट मल उत्पादन गरिने छ ।
- हाम्रो अभिभारा, स्वच्छ सुन्दर पोखरा कार्यक्रमलाई निरन्तरता दिँदै सरसफाइमा अब्बल, उचित ढंगले फोहर व्यवस्थापन भएको सहरको पहिचान दिइने छ ।

**स्वास्थ्यसेवा**

- गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धि गर्नका लागि वडास्तरका स्वास्थ्यकेन्द्रहरूमा डाक्टरको दरबन्दी सहित विशेषज्ञ परामर्श सेवासमेत उपलब्ध गराइने छ ।
- आधारभूत स्वास्थ्यका लागि प्रत्येक वडामा एम्बुलेन्स सेवासहितको स्वास्थ केन्द्र स्थापना गरी ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका, अशक्त र गर्भवती महिलाका लागि निशुल्क स्वास्थ्य सेवाको प्रबन्ध गरिनुका साथै गर्भवती महिलालाई पौष्टिक आहारका लागि भत्ताको व्यवस्था गरिने छ ।
- आधारभूत स्वास्थ्य सेवाका औषधि र खोपहरू सर्वसुलभ रूपमा निशुल्क प्रदान गरिनुका साथै नागरिकहरूको स्वास्थ्य बिमाको कार्यक्रमलाई अनिवार्य र प्रभावकारी रूपमा लागू गरिनेछ ।
- पोखरा सबैका लागि स्वास्थ्य सेवा उपलब्ध भएको महानगरमा रूपान्तरित गर्न आवश्यक औषधिहरू सरल र सुलभ रूपमा प्रदान गर्नका लागि औषधि पसलहरूलाई नियमन एवं व्यवस्थित गरिने छ ।

**सञ्चार : टी.भी./एफ. एम. सञ्चालन**

- महानगरका कार्यक्रम, सेवा तथा योजनाका बारेमा महानगरवासीलाई सुसूचित गर्न *हाम्रो महानगर मुखपत्र* प्रकाशन कार्यलाई निरन्तरता दिइने छ भने आवश्यकताअनुसार महानगर मार्फत एफ.एम. र टेलिभिजन कार्यक्रमको उत्पादन र प्रसारणको व्यवस्थापन गरिनेछ ।
- महानगरभित्र सञ्चालित र सञ्चालन हुने एफ.एम. रेडियो तथा टी.भी. को प्रसारण, सञ्चालन, दर्ता, नवीकरण आदिसम्बन्धी आवश्यक कार्यको सुलभ व्यवस्था गरिने छ ।
- महानगरका सम्पूर्ण वडाहरूमा इन्टरनेट सुविधासहित विभिन्न प्रकारका टेलिफोन सेवा र भर्चुअल पुस्तकालय सुविधा उपलब्ध गराउनुका साथै बस टर्मिनल, विमानस्थल जस्ता निश्चित सार्वजनिक स्थलहरूमा निशुल्क इन्टरनेट सुविधा प्रदान गरिने छ ।

**भाषा, साहित्य, कला र संस्कृति : पर्यटनको माध्यमबाट समृद्धि**

- महानगरपालिकाभित्रका सबै जातजातिको भाषा, संस्कृति झल्किने गरी एक बहुसांस्कृतिक ग्राम निर्माण गरिनेछ ।
- महानगरभित्रका रैथाने जातिको पहिचान र संस्कार झल्कने गरी पोखरा सङ्ग्रहालयको स्तरोन्नति गरिनुका साथै सबै जाति एवं समुदायको धर्म, संस्कृति, भाषा, साहित्य, र कलाको विकास तथा संरक्षण गर्नका लागि हाम्रै पहलमा गठित महानगर प्रज्ञा प्रतिष्ठानलाई व्यवस्थित गरी विभिन्न वडामा समेत "सांस्कृतिक ग्रामहरू"को विकास मार्फत पर्यटन प्रवर्द्धन गरिने छ ।
- स्थानीय स्तरमा प्रचलित समुदायका सम्भव भएका मातृभाषा (जस्तै, गुरूङ, नेवार, मगर आदि) मा पाठ्यक्रम बनाई त्यस्ता भाषामा आधारभूत शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- पञ्चासे सांस्कृतिक धाम, कास्कीकोटको कुलमण्डल तथा कश्यपधाम, पोखरा-२८ को अर्घौं कालिका मन्दिर, ठूलाकोट धार्मिक क्षेत्र, पोखराको पुरानो बजार भनेर चिनिएको रामकृष्ण टोल, भैरव टोल, विन्ध्यवासिनी क्षेत्र, भद्रकाली र बौद्ध गुम्बा, भलामको हरिहर गुफा, कृस्तीको शिवढुङ्गा, आर्वाको महाप्रभुधाम, खुदीस्थित सीता गुफा लगायतका ओझेलमा परेका स्थानलाई पोखराको पर्यटन बजारसँग जोड्ने गरी कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- गीत, संगीत, साहित्य, कला, नाटक र चलचित्रलाई मनोरञ्जनका साथै सामाजिक जागरण एवं समाज रूपान्तरणको माध्यम बनाउने कार्यलाई प्रोत्साहित गरी पोखरालाई फिल्म सिटीको रूपमा समेत प्रवर्द्धन गरिने छ ।
- विभिन्न समुदायहरूको परम्परागत संस्कृतिको जगेर्ना एवं मौलिक जीवन शैलीको जगेर्ना मार्फत पर्यटकीय आकर्षणमा वृद्धि गर्नुका साथै सॉंस्कृतिक अतिक्रमण, सामाजिक विकृति र कुप्रथालाई निरूत्साहित गरिने छ ।
- राष्ट्रिय व्यक्तित्वहरू कविशिरोमणि लेखनाथ पौड्याल, जनकवि केशरी धर्मराज थापा, लोक गायक झलकमान गन्धर्व, लोककवि अलिमियाँ, वीर योद्धा नाथु प्रल्हाद गुरूङका साथै सहिदहरूका नाममा विभिन्न पुरस्कार, सम्मान तथा विभूषणहरूको व्यवस्था गरी शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य आदिको विकासमा योगदान पुर्‍याउने व्यक्तित्वहरूलाई महानगर रत्नद्वारा सम्मान गरिने छ ।
- महानगरमा पर्यटन प्रवर्द्धनका लागि होटेल, रेष्टुरेण्ट, होमस्टे सञ्चालन गर्न प्रोत्साहन गर्ने, रोयल ट्र्याक लगायतका पदमार्ग, पर्यटक गाइड, पर्यटक सूचना केन्द्र, पर्यटनको विकासको लागि सम्बन्धित संस्था र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।
- प्याराग्लाइडिङ, बन्जी जम्प, कायाकिङ, जिप फ्लायर, केबलकार लगायतका पर्यटन पूर्वाधार विकासको लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।
- प्राकृतिक, पर्यावरणीय, साहसिक, आरोग्य सेवा, धार्मिक, सांस्कृतिक, कृषि तथा मनोरञ्जन

क्षेत्रको पहिचान, प्रवर्द्धन, विकास र संरक्षण गर्दै पर्यटकहरूको बसाइ अवधि लम्ब्याउनको लागि आवश्यक कार्यहरू गरिनेछ ।

- महानगरभित्र रहेका धार्मिक, सांस्कृतिक एवं प्राकृतिक सम्पदाहरूको प्रवर्द्धन र विकास गर्दै इको-टुरिजमको माध्यमबाट समृद्ध पोखरा बनाउन आवश्यक व्यवस्थापन गरिनेछ ।

**विविध कार्यक्रमहरू**

- पोखरा महानगरको विशेष पहलमा “पोखरा विकास प्राधिकरण” गठन गरी शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुद आदिको पूर्वाधार एवं प्राकृतिक स्रोत साधनको संरक्षण व्यवस्थापन र उपयोगमा आवश्यक लगानी आकर्षित गरी सामुदायिक हितको प्रवर्द्धन गरिने छ ।
- “पोखरा महानगर अनुसन्धान केन्द्र” स्थापना गरी खगोल विज्ञान, प्राकृतिक विज्ञान र सामाजिक विज्ञानका विविध विषयवस्तुको अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाइनेछ ।
- महानगर भित्र रहेको सहरी विकास आयोजनालाई स्रोत साधनयुक्त दक्ष जनशक्ति र प्रविधि सहितको व्यवस्थापन गरी महानगरभित्रका विकास आयोजनाहरूको प्रभावकारी तर्जुमा एवं व्यवस्थित कार्यन्वयन गर्न प्रयत्न गरिने छ ।
- हाम्रा जनप्रतिनिधि मार्फत सुरु गरिएका महानगरका सबै वडाहरूमा सार्वजनिक पुस्तकालय, बाल उद्यान र युवालक्षित व्यायामशाला स्थापना र सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सडक बालबालिकाको संरक्षण र पुनर्स्थापनाका लागि छात्रावास, आवश्यक शिक्षा र प्राविधिक ज्ञान प्रदान गर्दै रोजगारी वा स्वरोजगारद्वारा समाजमा पुनर्स्थापनाको व्यवस्था गरिने छ ।

### ४.४ सुशासन तथा संस्थागत सेवा प्रवाह

**“जनतासँग हँसिलो अनुहार, मीठो बोली : सेवा प्रवाहमा चुस्तता, आचरणमा शुद्धता र पारदर्शिता”**

- सुशासनका लागि आर्थिक पारदर्शिता भन्ने नीति कार्यान्वयन गर्न हाम्रा उम्मेदवारहरूले आवधिक रूपमा आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नेछन् ।
- महानगरपालिकाको कार्यालयबाट सेवाग्राहीलाई पुर्‍याइने सेवालाई छिटो, छरितो र सरल बनाउनका लागि सबै वडा कार्यालयहरूलाई महानगरपालिकासँग Broad Band (High Speed) Internet बाट नेट-वर्किङ गरी पेपर लेस, ई-गभर्नेन्सको थालनी गरिने छ । महानगरलाई सूचना प्रविधिमैत्री सहरका रूपमा विकास गरिने छ ।
- स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायित्वपूर्ण बनाउन प्रत्येक वडा कार्यालयहरूमा नागरिक बडापत्र, हेल्प डेस्क, नागरिक भेला, सार्वजनिक सुनवाइ, अनुगमन संयन्त्र र कार्यप्रणालीलाई पारदर्शी बनाउँदै महानगरको वेबसाइटमा राखिने छ ।

- महानगरमा रहेका अल्पसङ्ख्यक, उत्पीडित जाति र समुदायको उत्थान एवं भलाइ गर्न विशेष कार्यक्रमको सञ्चालन एवं व्यवस्था मिलाइने छ ।
- महानगरवासीका लागि शिक्षा, स्वास्थ्य, यातायात लगायतका आधारभूत सेवा र दैनिक उपभोग्य वस्तुहरूको सहज र सुपथ मूल्यमा प्राप्त हुने आवश्यक व्यवस्था मिलाइने छ ।
- भूतपूर्व सैनिक, प्रहरी तथा सेवानिवृत्त शिक्षक, प्राध्यापक एवं राष्ट्रसेवकहरूको उचित सम्मान गर्दै उहाँहरूको अनुभव, ज्ञान, सीप र दक्षतालाई आवश्यक सुविधासहित महानगरको विकासमा परिचालन गरिने छ ।
- महानगरको पहलमा स्थापित व्यावसायिक महाविद्यालयबाट आवश्यक तालिमको व्यवस्था गरी स्थानीय तहमा इलेक्ट्रिसियन, प्लम्बर, कार्पेन्टर, अमिन, कृषि तथा वन प्राविधिक, स्वास्थ्य प्राविधिक उत्पादन गरी वडाका टोलटोल र बस्तीबस्तीमा सहज, सरल र द्रुतगतिमा स्थानीय सेवा प्रवाह गरिने छ ।

## स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

- महानगरपालिकाभित्र रहेका प्राकृतिक स्रोत साधन, सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ ।
- महानगरभित्रको मानव संसाधन, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदा आदिको अभिलेखीकरण र अद्यावधिक गरी व्यवस्थित गरिने छ ।
- वैदेशिक रोजगारीमा रहेका तथा गैरआवासीय नेपालीको अभिलेख तयार गरी उनीहरूलाई आवश्यक पर्ने सुविधा, सिफारिस आदि सहज ढङ्गबाट उपलब्ध गराइने छ ।
- सूचना प्रविधिको उपयोग मार्फत वैज्ञानिक रूपमा महानगरभित्रका उद्योग, व्यवसायी, कृषि, पर्यटन, स्वास्थ्य शिक्षा लगातका सवै क्षेत्रको व्यवस्थित तथ्यांक संकलन तथा व्यवस्थापनका लागि डाटाबेस तयार गरिने छ ।
- महानगरभित्र कार्यरत श्रमिकहरूको अभिलेखीकरण गर्न श्रम डेस्क स्थापना गरिनेछ ।

## महानगर सेवा एवं जनशक्ति व्यवस्थापन

- महानगरका लागि आवश्यक दक्ष र योग्य जनशक्ति निष्पक्ष रूपमा भर्ना गर्ने वा बढुवा र सेवा सम्बन्धी अन्य आवश्यक व्यवस्था गर्नका लागि प्रचलित कानून बमोजिमको विज्ञहरू रहेको बढीमा तीन सदस्यीय महानगर सेवा आयोग गठन गरिनेछ ।
- महानगरवासीहरूलाई पायक पर्ने स्थानबाट सेवा प्रदान गर्नका लागि आवश्यकताअनुसार प्रधान कार्यालय, वडा कार्यालय, सेवा केन्द्र तथा उपसेवाकेन्द्रहरूको समेत व्यवस्था गरी आवश्यक कर्मचारी तथा नगर प्रहरीको दरबन्दी सिर्जना गरी सेवा प्रदान गरिने छ ।

### महानगर न्याय सेवा र मेलमिलाप

- महानगरको विकास र नागरिकहरूको सुविधाका लागि वडावडामा मेलमिलाप सेवालाई प्रभावकारी बनाइने छ ।
- महानगर अदालत तथा मेलमिलापसम्बन्धी कार्यहरूको व्यवस्थापन र सञ्चालनका लागि महानगरमा स्थापित इजलासलाई नमूना बनाई न्यायलाई प्रभावकारी र सर्वसुलभ बनाइनेछ ।

### घरजग्गा धनी पुर्जा वितरण

- आगामी दुई वर्षभित्र महानगरभित्रका अव्यवस्थित बसोबासलाई व्यवस्थित गरी घरजग्गा धनी पुर्जा अद्यावधिक गर्ने र वितरण कार्यलाई सुलभ व्यवस्था गरिनुका साथै विगतमा सुकुम्बासी आयोगबाट वितरित सेतो पुर्जालाई रातो पुर्जामा परिणत गर्न संघीय सरकारसँग तत्काल आवश्यक संयोजन गरिने छ ।
- नापी नक्सा, घर/जग्गा धनी पुर्जा र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित अद्यावधिक अभिलेख तयार गरिने छ ।

### ज्येष्ठ नागरिक र अशक्त भत्ता

- ज्येष्ठ नागरिक, अपाङ्गता भएका, अशक्त र एकल महिलाले पाउँदै आएको सामाजिक सुरक्षा भत्तालाई सहज एवं सर्वसुलभ वितरणको प्रबन्ध मिलाइने छ ।
- एकल महिला, ज्येष्ठ नागरिक, जनआन्दोलनका घाइते एवं सहिद परिवार, बेपत्ता नागरिकका परिवार, अपाङ्गता भएका व्यक्ति, टुहुरा, सीमान्तकृत र लोपोन्मुख समुदायका लागि स्थानीय सरकारका तर्फबाट सामाजिक सुरक्षाको ग्यारेन्टी गर्दै, स्वरोजगारको व्यवस्था गरी यातायात, स्वास्थ्य, शिक्षा आदिमा उनीहरूको पहुँच वृद्धि गरिने छ ।
- ज्येष्ठ नागरिकहरूलाई खुसी राख्न र मनोरञ्जन गराउने प्रयोजनका लागि आवश्यकताअनुसार महानगरका विभिन्न क्षेत्रहरूमा सुविधा सम्पन्न ज्येष्ठ नागरिक विश्राम गृह बनाइने छ ।
- हरेक वर्ष वैशाख १ गतेका दिन महानगरका सबैभन्दा ज्येष्ठ महिला र पुरूषलाई "महानगर माता" र "महानगर पिता" को रूपमा सम्मान प्रदान गरिने छ ।
- विभिन्न पेसा, व्यवसाय वा श्रमबाट आय आर्जन गर्ने व्यक्तिहरूले त्यस्तो आयको निश्चित प्रतिशत कोषमा जम्मा गर्दै गरेमा महानगरपालिकाबाट पनि थप अनुदानको व्यवस्था गरी ज्येष्ठ उमेरावस्थामा र अस्वस्थ अवस्थामा आवासीय नर्सिङ होम्स्को सुविधा उपलब्ध गराइनेछ ।

### ४.५ वन वातावरण एवं विपद व्यवस्थापन र जलवायु परिवर्तनको क्षेत्र

वातावरण तथा जैविक विविधता

- महानगरका भित्री मूल सडकका दायाँबायाँ वृक्षारोपण गरी हरियालीसहितको सौन्दर्यीकरण

गर्न महानगरभित्र निर्माण हुने प्रत्येक घरमा एक घर, दुई रूखको नीति अवलम्बन गरी वातावरण शुद्धीकरणमा योगदान पुऱ्याइने छ ।

- कोमागाने पार्क र बसुन्धरा पार्कलाई व्यवस्थित गर्न डिपिआर बनाइसकिएको छ भने शान्ति वनवाटिका, पुष्पलाल स्मृति पार्क, रवीन्द्र स्मृति पार्क, कुलमण्डल शाह धाम पार्क, मदन आश्रित स्मृति पार्क, यशोधरा पार्क, राष्ट्रिय विभूति पार्क लगायतका विभिन्न वडामा रहेका पार्कहरूलाई संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गरिने छ ।
- पञ्चासे, कालीलेक, पचभैया, रानीवनलाई जैविक विविधता संरक्षणका केन्द्र बनाई प्राकृतिक चिडियाखानाको रूपमा व्यवस्थापन गर्दै पर्यटन विकासमा जोड दिइने छ ।
- बालबालिकाको लागि मनोरञ्जन र सिर्जनात्मक क्रियाकलापका लागि प्रत्येक वडाहरूमा आवश्यक क्रीडास्थल तथा पार्कको व्यवस्था गर्नुका साथै वातावरणलाई स्वच्छ राख्दै फेवाताल, बेगनासताल, रूपाताल लगायतका जलाशयहरूमा वाटर फाउन्टेन, फुट ट्रेल र विश्राम स्थल बनाइने छ ।
- महानगरभित्रका प्रत्येक तालहरूको संरक्षण, विकास, व्यवस्थापन र पर्यटन प्रवर्धन गर्न स्थानीय समुदायको सहभागितामा एक/एक समिति गठन गरी क्रियाशील गरिनेछ ।

## विपद् व्यवस्थापन

- महानगरमा भूकम्प, आगलागी, बाढी पहिरो, चट्याङजस्ता प्राकृतिक प्रकोप, दुर्घटना आदिको व्यवस्थापनका लागि विपद् व्यवस्थापन गर्न एक प्रभावकारी विभाग बनाइने छ ।
- महानगरको पहलमा विपद् व्यवस्थापन प्राधिकरण गठन गरी दुर्घटना, वाढी, पहिरो, भूकम्प, आगलागि, आदि विपद्का वेलामा व्यवस्थित उद्धार, राहत र पुनर्वासको व्यवस्थापन गर्न आवश्यक कोष, प्रविधि र श्रोत साधनको व्यवस्था गरी पोखराको मौजुदा विमानस्थल क्षेत्रमा विपद् व्यवस्थापन तालिम तथा पूर्व तयारी अभ्यास सञ्चालन गरिने छ ।
- महानगरले प्रादेशिक सरकार र संघ सरकारसँगको समन्वयमा समय समयमा नागरिकहरूलाई विपद् व्यवस्थापनसम्बन्धी सचेतना कार्यक्रम तथा अभ्यास सञ्चालनको कार्य गर्नेछ ।

## जलाधार, वन्यजन्तु र खनिज

- सेती नदीको दायाँबायाँ किनारामा सुरक्षित पर्खाल लगाई पदयात्रा मार्ग निर्माण गर्ने र ठाउँ ठाउँमा सेती नदी अवलोकन गर्न मिल्ने स्पटहरू निर्माण गरी सेती किनारालाई एउटा प्राकृतिक बगैँचाका रूपमा विकास गरिने छ ।
- रामसार क्षेत्र घोषणा भएका महानगरभित्रका फेवा, बेगनास, रूपा लगायत नौवटै तालहरूको जलाधारमा भूक्षय तथा प्रदूषण नियन्त्रण गरी पर्यावरण तथा जैविक विविधताको संरक्षण मार्फत पर्यटन प्रवर्द्धन गर्नुका साथै जलाधार एवं तालहरूको संरक्षणबाट प्राप्त जग्गालाई

सामूहिक एवं आधुनिक खेतीका लागि प्रयोगमा ल्याइने छ ।

- महानगरलाई हरियालीयुक्त सहर बनाउन वन जङ्गल क्षेत्रको संरक्षण र नियमन गरी, खोला किनारा एवं सार्वजनिक बाँझो जमिनमा वृक्षरोपण गरी हरियाली बनाउन प्रेरित गर्दै पर्यापर्यटन सञ्चालनमा जोड दिइने छ ।
- वन्यजन्तु संरक्षणका लागि विशेष संरक्षित क्षेत्रहरू बनाएर घाइते वन्यजन्तु तथा चराहरूको उद्धार र उपचारका लागि सरोकारवाला निकायसँग समन्वय गरी सुन्दरी डाँडा, कँडेलटुँडा, फोक्सिङ, रानीवन, कालीलेक र पञ्चासेमा पुनर्स्थापना गरिने छ ।
- महानगरका नदी, खोला, ताल तथा जलाधार संरक्षण क्षेत्रमा प्रभावकारी प्रदूषण नियन्त्रणमार्फत पर्यावरण सन्तुलन गरी स्वच्छ, हरियालीयुक्त सहरका रूपमा विकास गरिने छ ।

## सार्वजनिक जमिन, खानी तथा खनिज

- महानगरमा रहेका खानी तथा खानीजन्य पदार्थको अन्वेषण, उत्खनन तथा संरक्षण र उपयोगका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- महानगर विकास प्राधिकरण मार्फत महानगरभित्र रहेका सेती, काली, विजयपुर, कोत्रे काहुँखोला तथा फुस्रे आदि नदी तथा खोलामा रहेका गिटी, ढुङ्गा, बालुवा, बेसमाटो आदिको उत्पादन, उत्खनन र संरक्षणका लागि विशेष व्यवस्था मिलाइने छ ।
- महानगरभित्र रहेका सार्वजनिक जमिन र सम्पत्तिको संरक्षण गरिनेछ ।

## आदरणीय नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू,

हामी संविधानको अनुसूची ८ र ९ मा भएका स्थानीय तहका अधिकारको सूचीलाई जनताको पक्षमा उपयोग गर्न, समाजवाद उन्मुख आर्थिक व्यवस्थामा जोड दिँदै प्रगतिशील सामाजिक रूपान्तरण गर्न उल्लेखित प्रतिबद्धताहरू पूरा गर्ने विषय आम नगरवासीहरू समक्ष सादर निवेदन गर्न चाहन्छौं । हाम्रा उम्मेदवारहरू जनताप्रति उत्तरदायी छन्, देशप्रति बफादार छन् र समाजप्रति जिम्मेवार छन् । उनीहरू आफ्ना मतदाता, समाज, पार्टी र राष्ट्रप्रति प्रतिबद्ध छन् । उनीहरू आफ्नो कर्तव्यप्रति गैरजिम्मेवार भएमा, पदीय आचरण पालन नगरेमा वा भ्रष्टआचरण गरेमा पदबाट प्रत्याह्वान गर्न नेकपा (एमाले) तयार छ । त्यसैले आउनुहोस्, उनीहरूप्रति भरोसा गरौं । सुशासन, समृद्धि र विकासमार्फत समाजवादतर्फको यात्रा सुनिश्चित गर्न नेकपा (एमाले) रोजौं । नेकपा (एमाले)को सूर्य चिन्हमा मतदान गरौँ, महानगरको विकास र समृद्धिमा हातेमालो गरौं ।

धन्यवाद !

सुशासन, समृद्धि र समाजवादको आधार
पालिका-पालिकामा एमालेको सरकार

# सूर्य चिन्हमा मतदान गरौँ
# नेकपा (एमाले) का उम्मेद्वारहरूलाई विजयी बनाऔँ।

## हाम्रो सङ्कल्प

- हाम्रा जनप्रतिनिधिहरू शासक होइन, जनताका सेवक हुने छन्।
- हाम्रा जनप्रतिनिधिहरू सामाजिक जागरण र विकासका अभियन्ता हुने छन्।
- हाम्रो नेतृत्वमा रहेका पालिकाहरू सुशासनमा नमूना बन्ने छन्।
- हाम्रा जनप्रतिनिधिहरूले सदाचारमा दृष्टान्त स्थापित गर्ने छन्।
- हाम्रा जनप्रतिनिधिहरूले आफूले कुनै भ्रष्टाचार गर्ने छैनन् र कडाइका साथ भ्रष्टाचार नियन्त्रण गर्ने छन्।
- हाम्रा जनप्रतिनिधिहरूले भ्रष्टाचारी, व्यभिचारी, अनियमितता र सार्वजनिक सम्पत्तिको दोहन गर्नेहरूलाई कानुनी कार्बाहीको दायरामा पुऱ्याउन अग्रणी भूमिका खेल्ने छन्।